Samachar Sandesh

# समाचार सन्देश

Year 14, No.1 IPS Feature August 16-31, 2007

वर्ष १४, अङ्क ५ आई.पी.एस्. लेख रचनाको सँगालो, असोज २९- कार्तिक १४, २०६४ (अक्टोबर १६ - ३१, २००७)

## Death Penalty-Malaysia: Sane voices amidst hysteris

## मृत्युदण्डप्रति जनमत देखिनुमा राजनीतिक स्वार्थ

– बरादम कुप्पुसामी *(Baradam Kuppusamy)*

क्वालालम्पुर (आई.पी.एस्./एन्.पी.आई.) – क्वालालम्पुर सहरको उत्तरी छेउमा तामान कोसास नामको ठाउँ छ । त्यहाँ कारखानामा काम गर्ने दीनहीन मजदुरहरूको बसोबास छ । त्यहींकी एक हुन् रोहना बाकार । दुई छोरीकी ३६ वर्षीया आमा कठिन मेहनतका साथ जीवन धानिरहेकी छन् ।

बस्तीमा चौबीसै घण्टा होहल्ला हुन्छ । उनी चिच्याएर बोल्छिन् । चर्को बोली त्यहाँको परम्परा बनेको छ । खासगरी उनी अन्य करिब ३० महिलाका साथ सानो जहाजजस्तो टहरोमा बस्छिन् । उनीसँगै बस्ने कोही महिला विधवा छन् त कोही अन्य प्रकारले पीडित छन् । केटाकेटीको सङ्ख्या मात्र एक दर्जन पुग्छ । कोठा टन्न भरिएको छ ।

'दोषीलाई झुण्डाउँदैमा हाम्रा केटाकेटी जोगिँदैनन् । मृत्युदण्ड समस्याको समाधान होइन । मृत्युदण्डको व्यबस्था भएको करिब ५० वर्ष भयो । अपराधको मात्रा हेर्ने होभने बढिरहेको देखिन्छ,' उनी मले भाषामा एक सासमा कुरा सक्छिन् । उनको काखमा ६ वर्षकी छोरी आमाको मुख हेरेर टोलाइरहन्छे ।

'हामीले आना बालबालिकाको संरक्षण गर्नुछ र उनीहरूलाई आनो सुरक्षा गर्न सिकाउनु पनि छ तर अपराधीलाई मारेर हाम्रा बालबालिका सुरक्षित हुन्छन् भन्नेमा चाहिँ मेरो विश्वास छैन,' उनको भनाइमा समर्थनका लागि याचना थियो ।

उनी उनको बस्तीबाट अपहरणमा परेका, बलात्कारको शिकार भएका र अन्तमा मारिएका बालिकाका बारेमा कुरा गर्दै थिइन् । स्थानीय अखबारहरूले यससम्बन्धी समाचारलाई पहिलो पृष्ठमा स्थान दिएका थिए जो यतिबेला उनकै अगाडि भुईंमा छरिएर रहेका देखिन्थे । स्वभावत: बस्तीका महिला चिन्तित र त्रसित थिए । अपराधी अझै पक्राउ परेका थिएनन् ।

'दैत्यहरूले तीन जना बालिकालाई बलात्कार गरे, त्यसमध्यै एउटी नुरिनलाई त मारे पनि, घृणित अपराध गर्ने व्यक्तिलाई त झुण्डाउनै पर्छ,' भुईंमा छरिएका अखबारलाई देखाउँदै एउटी आमाले भनिन्, 'हामीले यस्ता दैत्यबाट आना बालबालिकालाई त जोगाउनै पर्‍यो नि, यसका लागि उनीहरूको मृत्यु अनिवार्य छ ।'

देशभरि नै ९ वर्षीया नुरिन जाजलिनको अपहरण, बलात्कार र हत्याको सम्बन्धमा बहस चलिरहेको थियो । उनको अपहरण गएको अगष्ट महिनामा भएको थियो, उनलाई एक महिनासम्म बारम्बार बलात्कार गरेर अन्तमा हत्या गरिएको थियो । यसले मुलुकभरिनै एक तमासको त्रास फैलाएको थियो ।

त्रास सिर्जना गर्ने कार्य बालिकाको लाश जुन रूपमा भेटियो, त्यसले पनि गराएको हो । सेप्टेम्बरको अन्तमा शहरको दक्षिणी भागस्थित पेटालिङ जयाको एक जिमखानाको भर्‍याङमा उनको शरीर टुक्रा-टुक्रा पारेर काटिएको र एउटा झोलामा हालेर छोडिएको थियो ।

त्यो व्याग कसले ल्यायो र कसरी राख्यो भन्ने दृश्य भिडियो क्यामराले खिचेर सार्वजनिक गरेको थियो । अपराधी मोटरसाइकलमा लासको व्याग सहित आएको थियो । भिडियो रेकर्डिङ्ग अमेरिका र एफविआईलाई पनि उपलब्ध गराइयो तर पनि दोषी र मोटरसाइकलको दर्ता नम्बर पत्ता लगाउन सकिएन । आजसम्म पनि प्रहरीहरू अन्धकारमै देखिन्छन् । आशङ्काका भरमा उनीहरूले धेरैलाई गिरतार गरेर पछि छोडिदिए । आमजनता अहिले बदलाको आगोमा जलिरहेका छन् । उनीहरू न्यायको कठघरामा ल्यायून् र मृत्युदण्ड दिइयोस् भन्ने चाहना सर्वसाधारणको छ ।

जनताबीच सानो आवाज भने अलि भिन्न प्रकारको छ । उनीहरू मृत्युदण्ड निर्दयताको पराकाष्ठा हो, यस तरिकाले सामूहिक

**अनुरोध**

**'समाचार सन्देश' का सामग्री पुन: प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

अपराध वा आपराधिक समूह तथा सडक छाप अपराधीहरूलाई हटाउन सकिन्न भन्छन् ।

'हामीहरू नृशंस हत्याबाट आजित भएका छौं । हत्या स्वयंमा घिनलाग्दो र भयानक अपराध हो । यसले हाम्रो मुलुक कति असुरक्षित छ, खासगरी युवती र किशोरीहरू कुन नाजुक अवस्थामा छन् भन्ने देखाउँछ,' मलेसियास्थित एम्नेस्टि इन्टरनेशनलका कार्यकारी निर्देशक सानोन साह सिदिक भन्छन् ।

'नुरीनको हत्याको संवेदनशीलतालाई आम व्यक्तिले जसरी महसुस गरेका छन्, त्यसको कदर गर्दै आवेशमा अपराधीलाई मृत्युदण्ड दिनु दुर्भाग्यपूर्ण हुन्छ । हत्या र यौनिक हिँसाको अपराधमा असंख्य व्यक्तिले मृत्युदण्डको सजाय पाइसकेका छन् । तर, मृत्युदण्डले अपराध घटेको पुष्टिगर्ने प्रमाण फेला पर्दैन,' उनको तर्क छ- यसबेला मुलुक नुरिनको शोकमा चुर्लुम्म डुबेको छ । हामीले यस प्रकारको पीडामा भोलि कहिल्यै पर्नु नपरोस् ।

तर वाकरको भनाइले आम व्यक्तिलाई अझ रुष्ट बनाउँछ । आम सञ्चारका माध्यममा जनता दैत्यहरूलाई झुण्ड्याउनै पर्छ भनिरहेका छन् ।

'यौनिक अपराध र हत्या गर्ने व्यक्तिलाई तत्काल मृत्युदण्डको सजाय दिनुपर्छ,' मलेसियाकिनी डट कम नामक एक स्वतन्त्र वेब साइटमा एसके माथ्युज लेख्छन् । 'यस्ता दैत्यहरू हाम्रो समाजमा हामीसँगै रहनु हुन्न,' उनको भनाइले थुप्रै नागरिकको प्रतिनिधित्व गरेको छ । मृत्युदण्डको सजाय हटाउनु हुन्न भन्ने ठूलो संख्या देखा पर्दछ ।

हिँसाजन्य अपराध वृद्धिको कारणले पनि अपराधीविरुद्ध कडा कानुन कायम हुनुपर्ने आमव्यक्तिको राय छ । उनीहरू मृत्युदण्डको सजायलाई एक सामाजिक अपराध न्यूनीकरण गर्ने उपचारको रूपमा लिन्छन् ।

'जनता आक्रोशित छन् । हरेक दिन औशत नौ महिला बलात्कृत हुन्छन् र त्यसका अधिकांश दोषीहरूले मृत्युदण्डको सजाय पाउँछन्,' विपक्षी दलका नेता लिम गुआन इङ्ग भन्छन्- हामीले कुनै कुराको पनि भर्त्सना गर्न हतार गर्नु हुँदैन । उनी अपराधको वास्तविक कारण पहिचान गर्न आवश्यक रहेको धारणा व्यक्त गर्दछन् ।

'हरेक समस्याको एउटै समाधन मात्र हुँदैन, यस्ता समस्याको निराकरणका लागि अन्य मुलुकले के उपाय अपनाएका छन्, त्यो पनि हेर्नुपर्छ । अपराध जटिल मुद्दा हो यसको उपचार व्यावसायिक रूपले मात्र हुनसक्छ,' उनी भन्छन् ।

यसै वर्षको पहिलो सात महिनामा १ हजार ८ सय १४ वटा बलात्कारका घटनाहरू भए । जबकी गतवर्ष यही समयमा १ हजार ३ सय ६२ मात्र बलात्कार भएको अभिलेखले देखाउँछ । आधिकारिक तथ्याङ्कले ३३ प्रतिशत घटना बढेको प्रमाणित हुन्छ ।

दक्षिण-पूर्वी एशियाको 'अपराधको राजधानी,' उपनाम पाएको मलेसियामा औपचारिक तथ्याङ्कभन्दा पाँच गुणा बढी बलात्कार भएको छ, लिन भन्छन् ।

मलेसियामा हत्यादेखि लागू औषध कारोबार सम्मका अपराधमा मृत्युदण्डको सजाय दिने गरिन्छ । यहाँ २ सय ग्रामभन्दा बढी लागू औषध लिएर हिँड्ने, आतङ्ककारी गतिविधिमा संलग्न हुने र पानीमा विष मिसाउने व्यक्तिलाई मृत्युदण्डको सजाय दिइन्छ । १९६० देखि २००४ को अक्टोबर महिनासम्ममा ४ सय ३४ जनाले मृत्युदण्डको सजाय पाइसकेको तथ्याङ्क उपलब्ध छ ।

'मलेसियाले कुनै पनि अपराधमा मृत्युदण्डको सजाय दिनुहुन्न किनभने मृत्युदण्ड पनि राज्यद्वारा गरिने हत्या नै हो । राज्यले हत्या गर्न कानुनी संरक्षण पाउने र व्यक्ति अपराधी सावित हुने यो द्वैध मानसिकता हो,' मानव अधिकारकर्मी अधिवक्ता चाल्स हेक्टर भन्छन्- कुनै पनि अर्थमा राज्यले हत्या गर्नुलाई स्वाभाविक ठान्न सकिन्न ।

१३ हजार अधिवक्ताहरूको संस्था मलेसिया बारले २००६ मा फिलिपिन्सले जस्तै व्यवस्था लागू गर्न एक प्रस्ताव पारित गऱ्यो । आशियानका सदस्य राष्ट्रहरूबाट मृत्युदण्डको सजाय हटाउनुपर्ने जिकिर प्रस्तावमा गरिएको थियो ।

मृत्युदण्डको सजायलाई हटाएर कठोर अपराधमा पनि अन्य सजाय दिन सकिने तर्क हेक्टरको छ । उनी आईपीएसलाई भन्छन्- मृत्युदण्डको सजाय उन्मूलन हुनुभने आवश्यक छ ।

मानवअधिकारकर्मी अधिवक्ता तथा मृत्युदण्डविरोधी मलेसियालीहरूको संस्था 'माडपेट' का कार्यकारी निर्देशक सुरेन्द्रन नागराजन भन्छन्, हिँसात्मक अपराधको गाम्भीर्य तथा परिणाम व्यापक हुन्छ । मृतकका परिवार पीडित हुन पुग्छन्,' उनी मृत्युदण्डको अवधारणाको पूर्णत: विरोधमा रहेको धारणा व्यक्त गर्दछन् ।

'मृत्युदण्ड अमानवीय, नृशंस र तुच्छ प्रकृतिको कार्य हो,' उनी आईपीएसलाई भन्छन्- कुनै कानुनी त्रुटिका कारण निर्दोष व्यक्ति मारियो भने त्यसको उपचार हुन सक्तैन । नमर्नुपर्ने व्यक्ति मऱ्यो भने कसरी बचाउने ?

उनी आज जनतामा अपराधीलाई मृत्युदण्ड दिनैपर्ने जुन भावना देखिन्छ, त्यसका लागि राजनीतिज्ञलाई दोष दिन्छन् । 'नेताहरू जनताको भावनामा खेलबाड गर्छन् र राजनीतिक स्वार्थसिद्ध गर्छन् । बालबालिकामाथि हुने दुर्व्यबहार हटाउन अन्य अभ्यास नगर्ने र अपराधीलाई मृत्युदण्ड दिने भावना उचालेर जनताको प्यारो बन्ने नेताहरूको गलत प्रवृत्तिका कारण परिणाम जटिल बन्नपुगेको हो,' नागराजन आग्रह गर्छन्- हामी आफैले उत्पादन गरेको मानसिक रोगको शिकार नबनौं ।

# China: Publicity harvest from moon probe

# चन्द्रमाको यात्रामा चीन चर्चाको उडान

– आन्टोआनेटा बेज्लोभा *(Antoaneta Bezlova)*

बेइजिङ (**आई.पी.एस्./एन्.पी.आई.**) – चन्द्रमाको यात्रामा चीन कुनै प्रतिस्पर्धी मुलुक होइन। तर यसका नेताहरूले उसको चन्द्रमाको उडानलाई मुलुकको ख्यातिका लागि कूटनीतिक प्रयोग गरे। उडानको विवरण र उद्देश्य सबैका लागि खुला राखे। यस्ता गतिविधिमा रहस्य राख्ने छवि पाएको चीनले यस पटक त्यस छविलाई पखाल्न चर्चाको उडान भऱ्यो।

चीनको चन्द्रयात्रा पहिलो हो। जब चीनको रकेटले पहिलो चन्द्रमाको कक्ष भ्रमण गर्ने 'चाङ्ग-वन' लाई बोकेर अक्टोबरको अन्तिम साता विस्फोटका साथ यात्रा सुरु गऱ्यो, त्यहाँ पूर्णत: पारदर्शिता कायम थियो। प्रत्यक्ष प्रसारण गरिएको थियो र भ्रमको कुनै ठाउँ बाँकी राखिएको थिएन। उडान प्रारम्भको समय पहिला नै प्रसारणका लागि बेचिएको थियो। हरेक खाले सञ्चारमाध्यमले सम्बन्धित विषयका ज्ञातालाई रिपोर्ट गर्न लगाएका थिए। चन्द्रयात्रा चीनको राष्ट्रिय गोप्यताको विषय हो भन्नेहरू अलमल्ल परेका थिए।

१९६० को दशकमा चीनले अन्तरीक्ष अभियान सुरु गर्दा यो मुलुक अन्तर्राष्ट्रिय जगतबाट अलग्गिएको अवस्था थियो। उसका अन्तरीक्ष भूउपग्रह कार्यहरू गोप्य रहेका थिए। तर आज चीनको चन्द्रमा यात्राको उद्देश्य र कार्यक्रम सबैका लागि खुला हुनपुगेका छन्।

'यो शीतयुद्धकालीन अथवा कुनै मुलुकको अधिनायकत्व रहेको अवस्था होइन,' अन्तरीक्षयान विज्ञान अन्तर्राष्ट्रिय प्रतिष्ठानका सदस्य भु इलिन भन्छन्, 'आज अन्तरीक्ष अनुसन्धान मुलुकको राष्ट्रिय विस्तृत क्षमता तथा अन्तर्राष्ट्रिय प्रतिष्ठाको विषय बनेको छ। 'चाङ्ग-वन' प्रक्षेपण चिनिया क्षमताको कोसेढुङ्गो हो। हाम्रो गहन अन्तरीक्ष अनुसन्धान कार्यक्रमबाट यस क्षेत्रको खाली ठाउँ पूर्ति भएको छ।'

चीनले 'चाङ्ग-वन' को प्रक्षेपणका लागि चयन गरेको समय राजनीतिक रूपले पनि अर्थपूर्ण रहेको छ। कम्युनिष्ट पार्टीको १७ औं अधिवेसन समाप्त भएको केही दिनपछि 'वैज्ञानिक विकास' को ऐतिहासिक अक्षुण्णतालाई कायम राख्ने काम भएको छ। यो राष्ट्रपति तथा पार्टी प्रमुख हु जिनताओको राजनीतिक कार्यक्रम प्रबर्द्धनसँग सम्बन्धित छ।

यस क्षेत्रमा अघोषित अन्तरीक्ष दौडमा जापानले लिएको नेतृत्वलाई चीनले समर्थन गरेको देखिएको छ। यसलाई चीन एक कदम पछि सरेको सङ्केतका रूपमा पनि लिनसकिन्छ जुन लामो समयदेखि अनिश्चितता र अस्पष्टताको विषय रहँदै आएको थियो। गत महिना जापानले एसियाको पहिलो मुलुकका रूपमा चन्द्रमा यात्राका लागि यान छोडेको थियो। जापानले परीको कथामा वर्णित चन्द्र-राजकुमारीको नाममा राखिएको तीन टनको 'कागुया यान' प्रक्षेपण गरेको हो।

चीन अन्तरीक्ष अभियानमा जापानभन्दा पछि पऱ्यो भन्ने विषयलाई चिनिया नागरिकले हीनताको विषय नबनाउन् भन्ने कुरामा पनि सतर्कता अपनाइएको छ। चिनिया अन्तरीक्ष यानको नाम चाङ्ग जो राखियो, त्यो पनि चन्द्रमा देवीसँगै सम्बन्धित छ। चीनमा चन्द्रमासँग सम्बन्धित थुप्रै काल्पनिक कथा छन्, आध्यात्मिक तरङ्गलाई समाउने प्रयास गर्दै नामकरण गरिएको छ। यसरी हेर्दा चीन र जापानबीचको दुई अन्तरीक्ष अभियानमा प्रतिस्पर्द्धा पनि देखिन्छ।

'कागुया र चाङ्गको प्रक्षेपणमा पहिलो र दोस्रो को भयो भनेर हेर्नुभन्दा पनि लक्ष्य कसले कसरी प्राप्त गऱ्यो भनेर ध्यान दिनु आवश्यक हुन्छ,' एक इन्टरनेट बुलेटिनमा उल्लेख गरिएको छ। चिनिया अन्तररीक्ष अधिकारीहरू अन्तरीक्ष प्रतिस्पर्धा देखाउने कुनै पनि अभिव्यक्तिबाट बचेर आना धारणा प्रकट गरिरहेका छन्।

'जापानले हामीले भन्दा निकै अगाडि अनुसन्धान अन्तरीक्ष यान प्रक्षेपण गरिसकेको छ।

हामीले अहिले मात्र चाङ्ग प्रक्षेपण गरेका हौं । त्यसैले को पहिलो र को दोस्रो भन्ने विषयमा हामी बहस गर्न चाहन्नौं,' जीउक्वान भूउपग्रह प्रक्षेपण केन्द्रका प्रमुख झाङ्ग जियाङ्कीले राष्ट्रिय सञ्चार माध्यमहरूलाई बताएका छन् ।

दुवै भूउपग्रहको वैज्ञानिक लक्ष्य समान रहेको छ । यी दुवैले गर्ने कार्य र अवधि पनि झण्डै दुरुस्त छ । दुवैले एक वर्ष लगाएर चन्द्रमाको अनुसन्धान गर्ने छन् । दुवैले चन्द्रमाको नक्सा उतार्ने 'जीओ-केमिकल,' तथ्याङ्क सङ्कलन गरी पृथ्वीमा पठाउने छन् । चीन र जापान दुवै मुलुकले २०२५ मा मानिस सहितको अन्तरीक्ष यान चन्द्रमामा उतार्ने योजना राखेका छन् ।

जापान र चीन दुवै भारतभन्दा एक पाइला अगाडि छन् । भारतले आनो यस्तै प्रयोजनको भूउपग्रह चान्द्रायन वन आगामी वर्ष प्रक्षेपण गर्दैछ । यसैबीच अमेरिकाले पनि आनो लुनार रिकोनाइजेन्स अरविटर प्रक्षेपण गर्ने भएको छ । चन्द्रमामा अनुसन्धानको एक मेला लाग्ने भएको छ । अमेरिकाको १९७० को एपोलो कार्यक्रमयता ३० वर्षभन्दा बढी समयको अन्तरलामा यो खोज सुरु भएको हो ।

चीनले अन्य मुलुकले गरिसकेको कार्यको पुनरावृत्ति मात्र गर्न लागेको हो । चिनियाँ विज्ञहरूका अनुसार चन्द्रमाको खोजका पछाडि प्राकृतिक स्रोतको सम्पन्नता, खासगरी चन्द्रमामा हेलियम थ्रि को स्थिति र आपूर्तिको खोजी गर्नु रहेको छ । हेलियम थ्रि पृथ्वीका लागि निकै दुर्लभ उर्जाको स्रोत हो ।

'चन्द्रमाको अनुसन्धानका लागि दोस्रो ठूलो तरङ्गको अंश चीन भएको कुरामा भने कुनै शङ्का छैन । उड्डयन तथा खगोल विज्ञान बेजिङ्ग विश्वविद्यालयका प्राध्यापक हिवीलियामले भने, 'अन्तरीक्ष क्लबको सदस्य हुनु हाम्रो अन्तरीक्ष कार्यक्रमको केवल प्रमाण मात्र होइन, यो हाम्रो कर्तव्य पनि हो ।

चीनको चन्द्रमा कार्यक्रमका ख्यातिप्राप्त भूगर्भविद् आउयाङ्ग जिउयान यस अन्तरीक्ष यात्राले मुलुकको प्रसिद्धि बढाउने भएकोले यसको राजनीतिक अर्थ पनि रहेको बताउँछन् । 'चन्द्रमा अनुसन्धान कार्यक्रमले विश्वमा चीनको राजनीतिक प्रभाव बढाउँछ,' चिनिया विज्ञान प्रतिष्ठान वेब साइटमा प्रकाशित उनको भनाइ उद्धृत गरिएको छ ।

चीनलाई गुपचुप ढङ्गले अन्तरीक्ष कार्यक्रम अगि बढाउने मुलुकका रूपमा टिप्पणी गरिएको विगतको आरोपलाई हटाउन चीनले निकै अगाडि बढेर खुलापन प्रस्तुत गरिसकेको छ । मुलुकको आर्थिक वृद्धिले सबैलाई चकित बनाएको बेला चिनिया अन्तरीक्ष कार्यक्रमलाई गरिएको खुलासाले पनि सबैको ध्यानाकर्षण गरेको छ । विश्वमा चीन आनै रकेट प्रयोग गरेर अन्तरीक्ष कक्षमा भूउपग्रह पठाउने तेस्रो मुलुक हो । यसै वर्षको सुरुमा बेजिङ्गले अमेरिका तथा अन्य एशियाली मुलुकहरूलाई आनो पुरानो भूउपग्रहलाई ध्वस्त पारेर चकित बनाएको थियो । मौसमबारे जानकारी गराउने भूउपग्रह नष्ट पारेर चीनले क्षेप्यास्त्र ध्वस्त गर्ने आनो प्रविधिको प्रभावकारिता सार्वजनिक गरिसकेको छ ।

भूउपग्रह ध्वस्त पारेदेखि नै अन्तरीक्षलाई हतियारमुक्त क्षेत्र बनाउने विषयमा प्रश्न उठ्दै आएको छ । यस विषयमा चीनले आलोचना पनि सहनुपर्‍यो । यस पटक चीनले अपूर्व चर्चा प्राप्त गर्‍यो । चन्द्रमा सम्बन्धी खोजीको भूउपग्रहका बारेमा सूचना सार्वजनिक भयो, जसले अन्तरीक्ष खेलमा चीन शान्त खेलाडी हो भन्ने प्रमाणित गरिदियो ।

'चीन कुनै मुलुकसँग पनि चन्द्रमा दौडमा प्रतिस्पर्धा गर्न चाहँदैन । चन्द्रमाको कक्ष परियोजनाका प्रमुख कमाण्डर लुआन एन्जाइ राष्ट्रिय समाचार समिति सिन्ह्वालाई बताउँछन् । बेजिङ्ग अन्तरीक्षको शान्तिपूर्ण प्रयोगको नीति अवलम्बन गर्न चाहन्छ,' उनी भन्छन् ।

अमेरिकालाई चिनिया अन्तरीक्ष कार्यक्रम प्रतिको आशङ्का निरन्तर रहिरहन्छ त्यसैले उसले बेजिङ्गको अन्तर्राष्ट्रिय अन्तरीक्ष केन्द्रमा सहभागी हुने बेजिङ्गको प्रयास सफल हुन दिँदैन । तर, विज्ञहरूको भनाइ के छभने चीनलाई विश्व अन्तरीक्ष क्लवमा सहभागी नगराई बेग्लै राख्ने हो भने चीनले अझ ठूलो महत्वाकांक्षा बनाउने छ ।

आकस्मिक रूपमा होस् अथवा सतर्कतापूर्वक गरिएको योजना होस् एउटा अनौठो संयोग भने हुन पुगेको छ । अमेरिकाले सटल डिस्कोभरी प्रक्षेपण गरेको केवल एकघण्टापछि चीनले 'चाङ्ग-वन' प्रक्षेपण गरेको छ । अमेरिकी यान अन्तर्राष्ट्रिय अन्तरीक्ष केन्द्रका लागि उडेको हो भने 'चाङ्ग-वन' ले चन्द्रमाको अक्षसम्मको यात्रा तय गर्नेछ ।

# Media-Pakistan: Bomb Blasts add to journalists' riskds

# पाकिस्तानी पत्रकार जोखिममा

– बीना सरवार *(Beena Sarwar)*

कराँची (आई.पी.एस्./एन्.पी.आई.) – टेलिभिजन क्यामरा चलाएर पत्रकार अरिफ खानले ठूलो परिमाणमा मृत्युको खबर सुनाउँदासुनाउँदै भएको विस्फोटनमा उनी स्वयं परे। मृत्युको सूचिमा पत्रकार पनि परेको र पाकिस्तानका पत्रकारको जीवन जोखिममा रहेको जानकारी गराउँदा गराउँदै उनको जीवन समाप्त भयो।

अरिफ पूर्व प्रधानमन्त्री बेनजिर भुट्टो निर्वासनबाट स्वदेश फर्कदा स्वागतमा उपस्थित जुलुसमा १८ अक्टोबरका दिन भएको बम विस्फोटनको छेवैमा बसेर टेलिभिजनमा समाचार प्रसारण गरिरहेका थिए। लगातार दुई पटक भएको विस्फोटनमा १ सय ४० व्यक्तिको ज्यान गएको थियो।

घटनाको भोलिपल्ट आयोजित पत्रकार सम्मेलनमा भुट्टोले खानको जोखिमपूर्ण काम र असजिलोमा परेका पाकिस्तानी पत्रकारको सम्बन्धमा ध्यानाकर्षण भएको जानकारी गराइन्। उनले मृतकहरूप्रति श्रद्धा तथा उनीहरूको परिवारप्रति समवेदना प्रकट गरिन्। उनका शब्दहरू थिए, 'मैले देखें, एकजना क्यामेराम्यानले पनि मृत्युबरण गरे। उनी हामी नजिकैको प्रहरी भ्यानमा थिए। उनी निकै सक्रिय रहेको पनि मैले देखेकी थिएँ।'

कामप्रतिको उत्साह र घटनाको केन्द्रसम्म पुग्ने व्यावसायिक प्रवृत्तिका कारण उनको जीवन समाप्त भयो। कराँची प्रेस क्लबमा आयोजित समवेदनासभामा पत्रकारको स्थितिका सम्बन्धमा सबैले चिन्ता प्रकट गरे। पत्रकारहरूद्वारा आयोजना गरिएको सो कार्यक्रममा कराँची पत्रकार युनियनका महासचिव जावेद चौधरीले भने, 'अरिफ खान अभिव्यक्ति स्वतन्त्रताका प्रतीक बनेका छन्। किनभने उनले समाचार संप्रेषण गर्दागर्दै मृत्यु बरण गरे,'।

पाकिस्तान पिपुल्स पार्टीकी अध्यक्ष भुट्टोको बख्तरबन्ध गाडीको नजिकै रहेको प्रहरी भ्यानमा खान यात्रा गरिरहेका थिए। ६ छोराछोरीका बाबु पत्रकारिता गर्दागर्दै मृत्युको मुखमा पुगे। मुलुकमा हिँसाको अवस्था अझ बढ्दै गएको प्रमाणित भयो। 'पत्रकारले तयार पार्ने नयाँ समाचारमा चुनौतीको स्तर बढेको छ। यतिखेर चुनौती मोलेर अगाडि बढ्ने अथवा यही बिन्दुबाट पछाडि फर्कने- पत्रकारका लागि यस बेला मात्र दुइटा विकल्प छन्,' आज टेलिभिजनको समाचार तथा करेण्ट एफियर्स कार्यक्रमका कार्यकारी निर्देशक साइद तलात हुसेनले भने।

हुसेन नै पत्रकार अरिफको मृत्युको खबर पाउने पहिलो व्यक्ति हुन्। गत मे १२ तारिखका दिन जबरजस्ती हटाइएका सर्वोच्च अदालतका प्रधान न्यायाधीश कराँचीमा आउँदाको दृश्य प्रत्यक्ष प्रसारण गरिरहँदा सशस्त्र समूहले सडक अवरोध गरेको थियो। टेलिभिजनका दर्शकहरू त्यसबेला निकै चकित भएका थिए, किनभने अवरोध गरिरहँदा पनि अरिफले टेलिभिजनमार्फत आना दर्शकलाई सूचना सम्प्रेषण गरिरहेका थिए। लगातार चलिरहेको गोलीबाट बच्दै समाचार सम्प्रेषण गर्ने कार्य चुनौतीको सीमा हो।

यस्तै आक्रमण प्रत्यक्ष प्रसारणको क्रममा पहिला पनि भएको थियो। यसै वर्षको सुरुमा इस्लामावादमा भएको आक्रमणमा जिओ टेलिभिजन कार्यालय प्रभावित हुन पुग्यो आक्रमणकारीले टेलिभिजन कार्यालय तोडफोड गरे। आक्रमणकारीहरूमा प्रहरी पनि संलग्न थिए। सञ्चारगृहहरूमा आगजनी गरियो। हतियारधारीहरूले कार्यालयबाहिर राखिएका पत्रकारका गाडी तोडफोड गरे, उनीहरूलाई कोही रोक्न-छेक्न आएन।

विगत केही वर्षदेखि चुनौती बढेको छ, प्रेस जगत थप जोखिममा परेको छ। अमेरिकी साप्ताहिक पत्रिका न्युजविकले अक्टोबर २० मा विश्वमा पाकिस्तान प्रेसका लागि सर्वाधिक खतरनाक मुलुक सावित भएको खुलासा गरेको छ। राजनीतिक अस्थिरताका कारण पाकिस्तान पनि इराकको नियती भोग्नपुगेको छ। कट्टरपन्थी इस्लामिक समूह पश्चिमी मुलुकको विरोधका नाममा आतङ्क मच्चाइरहेको छ। मुलुकको आणविक सशस्त्रीकरणको क्षमताका कारण पनि त्रास अझ बढेको छ। मुलुकका अन्य जनताले जुन प्रकारको जोखिम भोगिरहेका छन्, पत्रकारले पनि त्यही अवस्थाको सामना गर्नु परिरहेको छ। कति ठाउँमा त सर्वसाधारणलाई भन्दा पत्रकारलाई बढी जोखिम पनि छ। जोखिमपूर्ण घटनास्थलसम्म पुगेर समाचार सङ्कलन गर्नुपर्ने कारणले पनि पत्रकारको जीवन सङ्कटमा पर्नसक्छ। पत्रकारको अवस्था प्रहरी र सुरक्षाकर्मीको जस्तै हुन्छ। तर, सुरक्षाकर्मीसँग आत्मरक्षाका लागि हतियार हुन्छ र सुरक्षा कबचका साथ उनीहरू मैदानमा उत्रेका हुन्छन्, असजिलो पर्दा कसरी बच्नेभन्ने विषेश तालीम पनि उनीहरूले पाएका हुन्छन् तर पत्रकार कलम र क्यामराको भरमा जोखिम स्थलहरूमा घुमिरहन्छन्। त्यसैले बम विस्फोटन भयो वा भिडन्त भयोभने पत्रकारहरू सङ्कटमा पर्नसक्ने सम्भावना अधिक रहन्छ। अरुलाई लक्ष्य गरेर हुने आक्रमणमा पनि पत्रकार पर्न सक्छन्।

'भोलि पनि बम विस्फोटन हुनसक्छ। हामी व्यावसायिक व्यक्ति हौं, हामीले घर बाट बाहिर निक्लनै पर्छ र आफ्नो काम गर्नैपर्छ,' भारतीय टेलिभिजन च्यानल एनडिटिभीका रिपोर्टर मुनिजाई जाहांगिर भन्छिन्। जतिखेर पहिलो विस्फोट भयो त्यो बेला उनी भुट्टोको बख्तरबन्द गाडीमा चढ्दै थिइन्। अर्को पनि विस्फोटन हुनसक्ने आशङ्काका कारण उनी र उनको क्यामराम्यान भागे यसको एकैछिनपछि अर्को विस्फोट त्यहीं भयो जहाँ पहिले उनीहरू उभिएका थिए। उनीहरू पहिल्यै नभागेका भए त्यहीं मारिने निश्चित थियो।

उनीहरूलाई चोट त लागेन तर विस्फोटनको आवाजले नराम्रोसँग हल्लायो। रगतका छिर्का र घाइते वा मृतकका उछिट्टिएका अङ्गहरू

उनीहरूको शरीरमा ठोक्किन आइपुगे । उनले आईपीएसलाई भनिन्, 'कुन स्तरको जोखिम थियो त्यो तपाईं सहजै अनुमान गर्न सक्नुहुन्छ । हामी मर्नसक्थ्यौं, तर नमरेर हाम्रा हातगोडाहरू काटिएका भए हामी काम गर्न असमर्थ हुन्थ्यौं । यो अझ हृदयविदारक स्थिति हुनसक्थ्यो,' खान मारिएपछि पनि अरु दुई पत्रकारहरू गम्भीर रूपले घाइते भए । दुवै सिएनविसी पाकिस्तानका रिपोटर थिए। क्यामराम्यान सलमान फारुखको गोडामा गम्भीर चोट लाग्यो भने रिपोर्टर सेहजाद अहिले पनि कराँची अस्पतालमा गम्भीर अवस्थामा उपचार गराइरहेका छन् ।

'सञ्चारकर्मीहरूको बाहन नजिकै रहेको बेला बेनजिरको गाडीमा विस्फोटन भएको भए ठूलो संख्यामा पत्रकार मारिन्थे वा घाइते हुन्थे, पाकिस्तान पत्रकार महासंघ (पिएफयुजे) का महासचिव माजहार अब्बास अनुमान गर्छन् । उनी यस वर्षको अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता पुरस्कार पाउने व्यक्ति हुन् । न्युयोर्कस्थित प्रेस स्वतन्त्रता निगरानीकर्ता कमिटी टु प्रोटेक्ट जर्नालिस्टले पुरस्कारका लागि उनको नाम घोषणा गरिसकेको छ ।

इस्लामावादबाट टेलिफोनमा आईपीएससँग कुराकानी गर्दै अब्बासले पाकिस्तानमा विद्युतीय सञ्चारमाध्यमको ठूलो परिणाममा वृद्धि भएको र क्यामरा सञ्चालक र रिपोटरहरूको संख्या बढेकोले यस्ता घटना दुर्घटनामा बढी संख्यामा सञ्चारकर्मी पर्नसक्ने सम्भावना रहेको टिप्पणी गर्दछन् । आजभोलि कुनै पनि कार्यक्रममा १०० देखि १५० सम्म पत्रकारको उपस्थिति हुनु सामान्य विषय बनेको छ । व्यावसायिकतामा पूर्णता ल्याउन अर्थात् अरुले दिन नसकेको दृश्य वा सूचना सङ्कलन गर्न उनीहरू घटनाको निकटतम विन्दुसम्म पुग्न चाहन्छन् । यसले गर्दा सो ठाउँमा हुने दुर्घटनाबाट उनीहरू बढी प्रभावित हुने सम्भावना रहन्छ ।

२००६ को अप्रिल महिनामा कराँचीको निस्टार पार्कमा प्रार्थनाका क्रममा काठको मन्च भत्काउँदै भएको विस्फोटनमा पनि सञ्चारकर्मी परे तर सो घटनामा भाग्यवश पत्रकारको ज्यान गएन, यद्यपि धार्मिक संगठन जमात-ए-आहले सुनाथका बरिष्ठ नेताहरूसहित ५० व्यक्तिको ज्यान गयो । सो कार्यक्रमको आयोजक पनि सुनाथ नै थियो। सो घटनामा पत्रकारको ज्यान नै नगएपनि दर्जनौं पत्रकार घाइते हुनपुगे । शोआइब खान नामका स्थानीय उर्दु दैनिकका फोटोपत्रकारको एउटा आँखा नै गुम्यो । उनी बायाँ भाग पक्षघात भएर बाँचिरहेका छन् । पक्षघातका कारण उनको बोलीमा समस्या सिर्जना भएको छ। उनको अवस्थाले पत्रकारको बीमा हुनु आवश्यक रहेको विषयलाई व्यापक रूपमा उठाइयो, जो पाकिस्तानका पत्रकारका लागि सामान्यत: व्यवहारमा छैन ।

'विमा गर्नु र क्षतिपूर्ति दिलाउनु त टाढाको कुरा, उनको प्रकाशन संस्थाले उनलाई अवकास दियो । अन्तिम महिनाको तलबसमेत दिएन,' अब्बासले भने । औषधि उपचार महँगो छ । आँखाको उपचारका लागि आर्थिक स्रोतको अभावका कारण आवश्यक अपरेसनसम्म हुन सकेको छैन ।

'पाकिस्तान पत्रकारका लागि खतरनाक ठाउँ बन्न पुगेको विषयमा हामी सतर्क हुनैपर्छ । मुलुकबाट यो खतराको अवस्था समाप्त हुने सङ्केत देखिंदैन,' सिएनबिसी पाकिस्तानका कार्यक्रम निर्देशक ताहिर इक्रामले भने- हामीले हाम्रा पत्रकारलाई विषेश प्रकारको सुरक्षा सीप प्रदान गर्नु आवश्यक छ ।

पाकिस्तानमा शोआइव खान र उनको परिवारजस्ता व्यक्तिको सुरक्षा र संरक्षणका लागि कुनै प्रबन्ध छैन। सञ्चार क्षेत्रको एक समूहले जीवन बिमा र दुर्घटना विमाका लागि आर्थिक राहत प्रदान गर्नेगरेको छ, तर पत्रकारलाई आत्मसुरक्षा कसरी गर्ने भन्नेबारेमा तालीम भने प्रदान गरिएको छैन ।

१९९९ मा जनरल परवेज मुसर्रफले सत्ता हात पारेयता २१ पत्रकार मारिइसकेका छन्। 'स्वतन्त्र टेलिभिजन च्यानेलको संख्या बढेपछि स्तरीय समाचारका लागि प्रतिस्पर्द्धा पनि बृद्धि भएको छ,' सञ्चार अनुगमनकर्ता रिपोर्टर्स विदाउट बोडर्स (आरएसएफ) को यसै वर्ष प्रकाशित वार्षिक प्रतिवेदनमा भनिएको छ। 'तर प्रकाशन गृहहरूले सुरक्षा क्षेत्रमा कुनै ध्यान दिन सकेका छैनन्। सेनाले पत्रकारलाई अपहरण र यातना दिने काम गरिरहेको छ । अफगानिस्तानसँग सिमाना जोडिएको आदिवासी क्षेत्रमा त अवस्था अझ नाजुक छ।'

२००६ को जुनमा आदिवासी रिपोर्टर हायातुल्लाह खानलाई अपहरण गरेर मारियो। ६ महिनासम्म अपहरणकै अवस्थामा राखेर उनको जघण्य हत्या गरियो। 'अज्ञात' व्यक्तिले अपहरण गरेर उनको हत्या गरेपछि पाकिस्तानको सञ्चार क्षेत्र सङ्गीन अवस्थामा रहेको दिशामा सबैको ध्यानाकर्षण भयो । यस विषयमा मुलुकभित्र र बाहिर संसारभरि नै विरोध पनि भयो । 'आदिवासी तथा बलुचिस्तान क्षेत्रमा सुरक्षाकर्मीबाट कस्ता ज्यादती भएका छन् भन्ने विषयमा खोजी गर्ने पत्रकारमाथि सेनाले गरेको नृशंस दुर्व्यबहार निन्दनीय छ,' आरएसएफले उल्लेख गरेको छ ।

क्यामेराम्यान मुनिर साँगीलाई २००६ को मे महिनामा दक्षिणी सिन्ध प्रान्तमा आदिवासी जनताबीच भएको झगडाको समाचार सङ्कलन गर्दागर्दै गोली हानेर हत्या गरियो । जुलाईमा दुई अरु टिभी क्यामेरामेन इस्लामाबादको रातो मस्जिदमा सेनाद्वारा गरिएको आक्रमणका क्रममा पहिलो दिन नै गम्भीर रूपमा घाइते भए । उनीहरूलाई तत्कालै अस्पताल दौडाइयो । तर दुईमध्ये एक जावेद खान नामका क्यामेराम्यान शल्यक्रियाकै क्रममा मरे। अर्का इजहार अहमद ढाडको करङ भाँचिएका कारण गम्भीर अवस्थामा छन् ।

यस पृष्ठभूमिमा आज तमाम पत्रकारले समाचार सङ्कलन तथा छायाङ्कन गर्ने पद्धतिमा परिवर्तन ल्याउनुपर्छ भन्छन्। 'हामीले डिस्ट्यान्स लेन्सको प्रयोग गर्नुपर्छ, ताररहित माइक्रोफोनको सहायताले टाढैबाट समाचार सङ्कलन गर्ने प्रावधान मिलाउनुपर्छ । रिपोर्टरले चाहिने उद्धरण लिने र बाहिरिने शैली अपनाउनुपर्छ,' उनी आफूले उद्धरण पाएपछि पनि अरु थप नयाँ कुरा पाइन्छ कि भनेर ढुकिरहने पद्धति परिवर्तन गर्न सुझाब दिन्छन् ।

निर्वाचनको समयमा त परिस्थिति अझ नाजुक हुनेछ । 'चुनावका बेला स्वभावत: यत्रतत्र मञ्चहरू खडा हुनेछन् र भाषण चल्नेछन्, जुलुस र बैठकहरू हुनेछन्,' मजहार अब्बासले भने। उनी पिएफयुजेले भनेजस्तै पत्रकारको विमा गरिनुपर्ने, प्रतिरक्षा उपकरणको प्रयोग हुनुपर्ने र द्वन्द्व-समाचार-सङ्कलन तालीम दिइनुपर्ने कुरामा जोड दिन्छन् । उनी भन्छन्, 'प्रकाशन गृहहरूले त्यसै पनि ठूलो धनराशि लगानी गरेकै छन्, त्यसमा अलिकति अझै थपेर पत्रकारको सुरक्षाका लागि पनि खर्च गर्नु आवश्यक छ।'

## Rights Burma: Media-in-exile examine strengths, weaknesses

# निर्वासनका सञ्चारमाध्यमप्रति बर्मेलीको अपेक्षा

–लिनेट ली करपोरल *(Lynette Lee Corporal)*

बैंकक (**आई.पी.एस्. ⁄ एन्.पी.आई.**) – बर्माको सैनिक जुन्टा सरकारले प्रजातन्त्रको पक्षमा वकालत गर्ने भिक्षु र अन्य सर्वसाधारणलाई दमन गरेको समाचार निर्वासनमा रहेका सञ्चार माध्यमहरूले महत्वका साथ प्रकाशित गरे । निर्वासनमा रहेका पत्रकारको पहलमा बाहिरी दुनियालाई भित्रको समाचार जानकारीमा आयो । तर भित्रका समाचार निर्वासनमा रहेका सञ्चारमाध्यमसम्म आइपुग्न निकै कठिनाइको सामना गर्नुपर्थ्यो र आज पनि  परिरहेको छ ।

बर्माभित्रबाट बाहिर समाचार आइपुग्दा बिभिन्न बाधा पार गर्नुपर्छ । ब्लग, भिडियो, फोटो, फोन र व्यक्तिको हातबाट लिखित सामग्री प्राप्त भएपछि मात्र समाचार बन्नसक्छ । बर्मामा प्रजातन्त्रप्रेमीहरूबाट विरोध प्रदर्शन भैरहादा जुन्टा सरकार सञ्चारमाध्यममाथि कठोर बन्न पुग्यो । सेप्टेम्बर २६ तारिखसम्म पनि सैनिकहरू विहारमा छापा मार्ने, जुलुसमाथि आक्रमण गर्ने र बिभिन्न प्रकारका दमनकारी कारबाही चलाउने गरिरहेका छन् ।

बिस्तारै सरकारले इन्टरनेटलाई खुकुलो गऱ्यो, त्यसपछि फोन-याक्सका लाइन पनि केही खुकुलो पारियो । तर फेरि कहिले मुठी कसिने हो भन्ने त्रास भने कायम छ ।

'व्यक्तिहरू फोनमा कुरा गर्दा पनि त्रसित हुन्छन्, किनभने फोन लाइन टेप गर्ने गरिएको छ । हामी सीमित मात्रामा फोन त गर्छौं तर प्रष्ट खुल्न सक्तैनौं । मानिसहरू इमेल त गरिरहेका छन् तर त्यो पनि अनुगमनको दायरामा राखिएको छ,' थाइल्याण्डस्थित नेटवर्क मेडिया ग्रुपका प्रधान सम्पादक अङ्ग नाइङ्ग भन्छन् । यस ग्रुपले बर्मेली भाषामा रेडियो कार्यक्रम तयार पार्ने र स्वतन्त्र रेडियो बर्मा र प्रजातान्त्रिक आवाज बर्मालाई निशुल्क उपलब्ध गराउने गर्दछ ।

नर्वेस्थित बर्माको लोकतान्त्रिक आवाजका निर्देशक आए चान नाइङ बर्मामा जनता र पत्रकार दुवैको आवाज बाहिर आउन दिइँदैन, भित्रभित्रै दबाइन्छ भन्छन् । उनीहरूले सम्प्रेषण गर्ने सूचना दोहोऱ्याएर जाँचिन्छ र अन्य बिभिन्न खाले अडचन खडा गरिन्छ भन्दै उनी जानकारी उगाउँछन्, 'कठिनाइका बाबजुद हामीले आना समाचार दातासँग नियमित सम्पर्क बनाइरहेका छौं, तापनि यथार्थ र तथ्यतथ्याङ्कयुक्त समाचार पाउन भने अनगिन्ती चुनौती तेर्सिएका हुन्छन् ।'

बर्माको समाचार थाहा पाउन बर्माभित्रका बर्मेलीहरू रेडियो खोल्छन् र सर्टवेभ व्याण्ड सुन्छन् । निर्वासनमा रहेका सञ्चारमाध्यम उनीहरूका लागि भरपर्दा सूचना-स्रोत भएका छन् ।

'सेनालाई यस विषयमा अवश्य थाहा छ, तर ऊ जनतालाई बिबिसी, बर्माको लोकतान्त्रिक आवाज वा स्वतन्त्र रेडियो एसिया सुन्नबाट रोक्न सक्तैन,' नेटवर्क मेडिया ग्रुपका सम्पादक मोई ज भन्छन् । यी सबै रेडियो सेवा दिनको निश्चित समयमा सर्टवेभबाट प्रसारण हुनेगर्दछन् । बर्मेलीले सीमा क्षेत्रबाट पनि उपयोगी सूचना प्राप्त गर्ने गर्दछन् ।

अउङ नाइङ निर्वासनका सञ्चार माध्यमलाई समाचार उपलब्ध गराउने स्रोतलाई सुरक्षित राख्ने विषयमा ध्यान दिँदै काम चालू राखिएको जानकारी गराउँछन् ।

आए चान नाइङ्गका लागि चेतावनीको विषय के भएको छभने बर्माका पत्रकार, लुकीछिपी सीमा बाहिर समाचार पठाउने सञ्चारकर्मी जुन्टा सरकारका लागि अर्को तारो बनेका छन् । जुन्टाको प्रतिनिधित्व गर्दै राज्य शान्ति तथा विकास आयोग (एसपिडिसी) पत्रकारलाई नियन्त्रणमा राख्न घुँडा जोतेर लागेको छ ।

'स्थानीय सञ्चारकर्मीको अवस्थालाई लिएर हामी धेरै चिन्तित छौं । हामीले पाएको जानकारीअनुसार लोकतन्त्रका लागि समाचार सम्प्रेषण गरेर सघाउने सञ्चार कर्मीलाई जुन्टाका लागि काम गर्ने उनीहरूकै साथीले भित्रभित्रै असजिलो पारिरहेका छन् । खासगरी पछिल्लो लोकतान्त्रिक आन्दोलनमा सघाउने पत्रकार आँखाको तारो बनेका छन्,' उनले आईपीएसलाई भने ।

आउङ नाइङ पनि यस कुराको बलियो सम्भावना देख्छन् । उनी भन्छन्, मसँग कसले यो बदमासी

गर्‍यो भन्नका लागि प्रमाण नै चाहिँ छैन तर यसको बलियो सम्भावना चाहिँ मैले देखेको छु ।

'बर्मामा स्वभावत: सरकारी सञ्चार माध्यमको पकड निकै बलियो छ । त्यहाँ कार्यरत पत्रकारमा सरकारलाई सघाउने र आन्दोलनकारीपक्षका पत्रकारलाई सताउने मानसिकता नहोला भन्नसकिन्न,' १९८८ मा भएको आन्दोलनमा लोकतन्त्रका पक्षमा बिद्यार्थीको नेतृत्व गर्दै सरिक भएबापत मुलुक छोडेर थाइल्याण्डमा निर्वासित जीवन जिउन बाध्य एक नेता भन्छन् । सो आन्दोलनमा सैनिक सरकारले ३ हजार व्यक्तिको हत्या गरेको थियो ।

भारतमा रहेर मिजिमा न्युज चलाइरहेका सोइ मिन्ट बर्मामा रहेर लोकतान्त्रिक पत्रकारिताका लागि सघाउ पुर्‍याउने व्यक्ति चुनौतीपूर्ण जीवन बाँचिरहेको जानकारी गराउँछन् । 'सैनिक सरकार पत्रकार वा नागरिकलाई बन्धक बनाउने र सरकार टिकाउने अभ्यासमा लागेको छ,' उनले भने ।

'तर हामीले आनो सञ्जालको सुरक्षाका लागि कुनै कसर बाँकी राखेका छैनौं, यो हाम्रो सर्वाधिक प्राथमिकताको विषय हो,' उनले आईपीएसलाई भने ।

सरकारले इन्टरनेटलाई किन खुकुलो बनायो भन्ने कुरामा बिचारै नगरी त्यसको प्रयोग गर्नसकिने अवस्था छैन । सेनाले नेट खुकुलो बनाएर लोकतान्त्रिक व्यक्तिहरूलाई जालमा पार्ने रणनीति बनाएको पनि हुनसक्छ । किनभने कसले बाहिर सूचना सम्प्रेषण गर्दोरहेछ थाहा पाउनका लागि इन्टरनेट खुकुलो बनाउने र त्यसको सतर्कतापूर्वक अनुगमन गर्ने कार्य भइरहेको नहोला भन्न सकिन्न ।

सेप्टेम्बर महिनाको विरोधबाट पाठ सिक्दै पत्रकारले समाचार सम्प्रेषणको तरिका बदल्नुपर्ने र सूचना प्रविधि विकास गर्नुपर्ने विचार अउङ नाइङको छ । 'हामीले पछिल्ला वर्षहरूमा सूचना प्रविधिले कति महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दोरहेछ भनेर थाहा पाइसकेका छौं । आजको अवस्था १९८८ को जस्तो होइन,' उनले व्याख्या गरे- प्रदर्शनसँग सम्बन्धित समाचार विश्वमा फिंजाउने कार्यमा किशोरावस्थाको पुस्ताले अपूर्व योगदान गर्‍यो । नयाँ सञ्चार माध्यमको उपयोग हुन नसकेको भए आन्दोलनप्रति विश्वको जनमत बनाउन सम्भव थिएन ।

यही नोभेम्बर महिनामा निर्वासित अवस्थाका सञ्चारमाध्यमका सञ्चालकहरूको भेला थाइल्याण्डको उत्तरी क्षेत्रमा रहेको सहर चियाङ मेईमा हुन गैरहेको छ । त्यस भेलामा उनीहरूले भोग्नुपरेका समस्या र निकासका लागि मार्ग खोज्ने कामसमेत हुनेछ ।

बर्मा अन्तर्राष्ट्रिय समाचार नामको सञ्जालमा निर्वासनमा रहेका १० सञ्चारमाध्यम संलग्न छन् । यो नियमित भेला हो । यसमा समाचार सम्प्रेषणका अझ प्रभावकारी उपायको खोजी हुने नै छ ।

'बर्माभित्र र बाहिर बर्मेली सञ्चारमाध्यमको विकासका लागि हामी नयाँ सञ्चार प्रविधिलाई कसरी अधिकतम प्रयोग गर्नसक्छौं भन्ने विषयमा छलफल गर्नेछौं,' आउङ नाइङ भन्छन्- हामीले सूचना प्रविधिमा सीप अभिवृद्धि गर्नु आवश्यक छ । प्राप्त सटवेयर र कार्यक्रमको हामीबाट पूर्ण सदुपयोग हुन सकिरहेको अवस्था छैन ।

आए चान नाइङ बर्मेली जनताले निर्वासनमा रहेका सञ्चारमाध्यमबाट ठूलो अपेक्षा गरेको देखेर डराएका पनि छन् । उनी भन्छन्, बाहिरका सञ्चारमाध्यमले मात्र मुलुकमा लोकतन्त्र ल्याउन सक्तैनन्, यसका लागि बर्माभित्रै आन्दोलन चल्नु अनिवार्य छ ।

मोए ज भन्छन्, निर्वासनमा रहेका सञ्चार माध्यमको समाचार सङ्कलन वस्तुपरक हुन्छ र आवश्यक पूर्वाधार पूरा गरेर नै समाचार लेखिन्छ । 'अधिकांश हाम्रा समाचारले वास्तविक स्थितिलाई प्रतिबिम्बित गरिरहेका हुन्छन् । आ-आनो भिन्न राजनीतिक पृष्ठभूमिका कारणले निर्वासनमा रहेका सञ्चारमाध्यम कुनै न कुनै पक्षतिर झुकाब राख्ने गरेको देखिन्छ । तर निर्वासनमा रहेका पत्रकारको झुकाब लोकतन्त्रभन्दा बाहिर रहेको भने देखिंदैन ।

यस भनाइमा आउङ नाइङको पनि सहमति छ । उनी भन्छन्, आ-आनो राजनीतिक विश्वासका कारणले कसैले कुन समाचारलाई प्राथमिकता दिन्छन् त कसैले कुनैलाई । यो अवस्था निर्वासनमा रहेका सञ्चारमाध्यममा देखिन्छ । कुनै सञ्चारमाध्यम बढी वस्तुपरक छन्भने कुनै आनो 'संलग्नता' लाई बढी महत्व दिइरहेका छन् । तर सबैले बर्मामा परिवर्तन खोजिरहेका छन्, उनीहरूको समाचारले यही भावनालाई जोड दिएको प्रष्ट देखिन्छ ।

'मलाई जानकारी भएअनुसार निर्वासनमा रहेका सञ्चारमाध्यममा बर्माको सैनिक शासकलाई विस्थापित गर्नका लागि कुनै सहमति सञ्जाल बनेको छैन । हामी बर्मामा के भैरहेको छ त्यो समाचार बनाउँछौं । जतिखेर त्यहाँ लोकतन्त्रका लागि आन्दोलन चलिरहेको हुन्छ, स्वभावत: त्यही समाचार बन्दछ । हामी यथार्थ जनसमक्ष राखिदिन्छौं । जनताले जे निर्णय गर्छन्- उनीहरूको विचार । हामी आनो विचार उनीहरूलाई लाद्दैनौं,' आए चान नाइङले व्याख्या गरे ।

'यदि त्यसो हो भने त बर्मेली सरकारको सञ्चारमाध्यम र हामीबीच के भिन्नता आयो र,' उनले जोड दिए ।

# Death Penalty-Falsely accused push for moratorium at UN

# त्रुटिपूर्ण अभियोगबाट बच्न मृत्युदण्डको खारेजी आवश्यक

– मिथर जे. सान्द्रसँग्र *(Mithere J. Sandrasagra)*

संयुक्त राष्ट्रसंघ (आई.पी.एस्./एन्.पी.आई.) – तीन व्यक्तिलाई उनीहरूले नगरेको अपराधमा मृत्युदण्डको सजाय दिएको उदाहरण देखाउँदै अक्टोबर महिनाको १६ तारिखबाट सुरु भएको संयुक्त राष्ट्रसंघको महासभाको बैठकमा मृत्युदण्डको सजाय विश्वबाटै उन्मूलन गर्नुपर्ने प्रस्ताब ल्याइने भएको छ । राष्ट्रसंघले आना सदस्य राष्ट्रहरूले यो प्रस्ताव स्वीकार गरुन् र मृत्युदण्डको सजाय अन्य सजायमा रूपान्तरण गरुन् भन्ने चाहना राखेको छ ।

'मलाई मेरो सरकारले मृत्युदण्डको सजाय सुनाएको थियो, तर म आज तपाईहरूका अगाडि विश्वबाट मृत्युदण्डको सजाय हट्नुपर्छ भन्ने अनुरोधका साथ उपस्थित भएको छु,' युगाण्डाका इडवार्ड इडमेरी एमपागीले भने । उनी १८ वर्ष लामो जेलसजायपछि मुक्त भएर सो सजायको विपक्षमा जनमत बनाउन सक्रिय छन् ।

एमपागीलाई १९८१ मा एक व्यक्तिको हत्यामा मृत्युदण्डको सजाय सुनाइएको थियो, तर त्यो मारिएको भनेको व्यक्ति पछि जीवितै फेलापऱ्यो ।

'मैले के अनुभव हाँसिल गरें भनेर व्याख्या गर्न मसँग शब्दहरू नै छैनन्,' एमपागीले उनको भनाइ सुन्न उपस्थित भएका व्यक्तिहरूलाई भने 'हरेक दिन मलाई आज त पक्कै मारिन्छु होलाजस्तो लाग्दथ्यो । त्यसले गर्दा मलाई उच्च रक्तचाप, अल्सर र आँखा नदेख्ने रोगले समात्यो ।

एम्नेस्टी इन्टरनेशनल (एआई) द्वारा आयोजित विश्वव्यापी रूपमा मृत्युदण्डलाई उन्मूलन गर्ने प्रस्तावको पूर्व तयारीका सम्बन्धमा उनी सहभागी भएका थिए । कार्यक्रममा नगरेको अपराधमा सो सजाय पाएका तीन व्यक्तिलाई परेको अन्यायका बारेमा प्रकाश पारिएको थियो । आग्रहपूर्ण अथवा कानुनी पद्धतिका कमजोरीका कारण निर्दोष व्यक्तिले सजाय पाउन सक्छन्, त्यसैले विश्वबाटै सरकारहरूले मृत्युदण्डको सजाय खारेज गर्नुपर्छ भन्ने आग्रहका साथ एआईले सो कार्यक्रमको आयोजना गरेको हो ।

'मृत्युदण्डको सजायका लागि लाइनमा राखिएको व्यक्तिलाई तिमी निर्दोष छौं भन्नु कठिन कार्य हो' २००२ मा डिएनए परीक्षणबाट मृत्युदण्डको सजायबाट मुक्ति पाएका अमेरिकी नागरिक रेक्रोनले भने ।

'विगतको वास्तविकतालाई सम्झेर मेरा सपनामा कस्ता दृश्यहरू नाच्दा हुन्, तपाईंहरू सहजै अनुमान लगाउन सक्नुहुन्छ । सत्यभन्दा बाहिरको वास्तविकताको स्मृतिले मलाई सताउँछ । अमेरिकी मृत्युदण्ड पद्धतिमा अहिले अवरोध आएको छ । मलाई जे भयो अन्य कुनै व्यक्तिलाई पनि त्यस्तै हुनसक्छ । मृत्युदण्डको प्रावधान नहटेसम्म यो सम्भावना रहिरहनेछ,' क्रोनले भने ।

मृत्युदण्डको सजायमा आम्दानी स्तरले अदालती निर्णयमा प्रभाव पार्ने मैले देखेको छु, क्रोनले भने । उनले आनो परिवार र साथीहरूबाट जमानत पाएर ऋण निकाल्दै मुद्दा लड्नुपरेको र आखिरमा मात्र सफाइ पाएको उनी स्मरण गर्छन् । प्रतिरक्षामा भएको खर्चले बोकाएको ऋणको भारी तिर्न बाकी रहेको उनले स्मरण गरे ।

१९७३ मा अमेरिकामा मृत्युदण्डको सजाय पुन: प्रचलनमा ल्याइएपछि १२४ व्यक्ति निर्दोष करार हुँदै जेलमुक्त भएका छन् । क्रोन सयौं नम्बरमा मुक्त भएका व्यक्ति हुन् ।

१९४९ मा जापानी सरकारले दुई व्यक्तिको हत्या गरेको अभियोगमा साकेइ मेण्डालाई गिरफ्तार गऱ्यो । यातना दिएर मेण्डालाई पुलिसले अपराध कबुल गर्न लगायो । मुद्दा चलेपछि अदालतले पनि निजलाई दोषी ठहरायो । मेण्डाले जम्मा ६ पटक आनो मुद्दा पुन: सुनुवाई गर्न आग्रह गरे र अन्त्यमा सो आग्रह सुनुवाई भयो र अदालतले पूर्व फैसला उल्टायो पनि ।

१९८३ मा ३४ वर्षलामो मृत्युदण्डको प्रतीक्षापछि अदालतले मेण्डालाई लगाइएको अभियोग गलत भएको ठहर गऱ्यो र मृत्युदण्डको सजाय पाएर पनि मुक्त हुने पहिलो नागरिकका रूपमा उनलाई निर्दोष करार गरियो । त्यसपछि अरु तीन बन्दीहरू मृत्युदण्डको सजायबाट मुक्त भएर घर फर्केका छन् ।

'हरेक दिन सुतेर जुरुक्क उठ्दा आजै पो मृत्युदण्ड दिन लाने होकि भन्ने लाग्दथ्यो । दिन र महिनाहरू तनावमै विते,' मेण्डाले भने । मृत्युदण्डको लाइनमा खडा हुनु हीनताबोधको पराकाष्ठा हो । व्यक्तिलाई असीम मानसिक पीडा र प्रभाव पर्छ । कसैका लागि पनि यो भयानक सजाय हो । खासगरी निर्दोष व्यक्तिका लागि मृत्युदण्डको प्रतीक्षा कति कष्टकर हुन्छ, व्याख्या गर्न सकिन्न ।

जापानमा मृत्युदण्ड गोप्य रूपमा दिइन्छ । कैदीलाई तिमीलाई फलानो दिन मृत्युदण्ड दिइँदैछ भनेर जानकारी दिइँदैन । यसले गर्दा बिहान निद्राले छोडेपछिको पहिलो सम्झना हुन्छ- आज नै मेरो जीवनको अन्तिम दिन हुनसक्छ ।

# समाचार सन्देश

'मृत्युदण्डको सजाय पाउने प्रतीक्षा सूचिमा बस्नु भयानक दबाबको परिस्थिति हो । एआईका मृत्युदण्डसम्बन्धी विज्ञ पियर बानिस्टर आईपीएसलाई बताउँछन् ।

'जापानमा बन्दीहरूलाई यस प्रकारको व्यवहार दशकौंसम्म गरिन्छ । त्यहाँ मृत्युदण्ड दिनुभन्दा केवल दुई घण्टा अगिमात्र जानकारी दिइन्छ । त्यसैले यस्तो सजायको प्रतीक्षामा रहेका बन्दीहरू बिहान उठ्नासाथ यो मेरो जीवनको अन्तिम दिन हुनसक्छ भन्ने सोचाइका साथ व्युझन्छन् । मानव अधिकारका दृष्टिकोणले कुनै व्यक्तिलाई यस प्रकारको यातना दिइनु कठोर हिँसा हो । मनोवैज्ञानिक रूपको यो सजायको दबाबको घनत्व विशाल हुन्छ,' बानिस्टरले भने ।

'यी तीन व्यक्तिको उदाहरणले मृत्युदण्ड कानुनी तथा प्रशासनिक कमजोरीका कारण निर्दोष व्यक्तिको थाप्लोमा थोपर्न पनि सकिदोरहेछ भन्ने कुराको सजीव प्रमाण प्रस्तुत गरेको छ । मुलुकको परम्परा र स्रोत-साधनले पनि निर्णय प्रक्रियामा प्रभाव पार्दछ । इतिहासमा कति निर्दोष महिला र पुरुषले मृत्युदण्डको सजाय पाए होलान् कसैलाई थाहा छैन,' बानिस्टरले जोड दिँदै अगाडि भने- अहिलेको समयमा आएर पनि मृत्युदण्डको सजाय दिनु थप जोखिमको विषय हुन आउँछ । निर्दोष व्यक्ति पनि यस्तो सजायमा पर्छ भन्ने बुझेपछि पनि यसलाई कायम राख्नु ठिक हुँदैन । मृत्युदण्डको सजाय हटाएर अन्य सजायमा रूपान्तरण गर्नु आवश्यक हुन्छ । त्यसैले यो सजाय विश्वबाटै उन्मूलन हुनुपर्छ,' ।

नोभेम्बरको दोस्रो साता राष्ट्रसंघ महासभाको तेस्रो समितिमा विश्वबाट मृत्युदण्ड हटाउने र त्यसको सट्टा अन्य सजाय दिने प्रस्तावमा मतदान हुनेछ । यसपछि नै प्रस्ताव महासभामा जानेछ जहाँ विश्वका १९२ मुलुकले मतदान गर्नेछन् ।

राष्ट्रसंघीय मानवअधिकार आयोगले मृत्युदण्ड हटाएपछि मानवअधिकार प्रबर्द्धनमा कसरी सघाउ पुग्छ भनेर प्रष्ट पारिसकेको छ । तर महासभाले कुन पक्षमा मतदान गर्ने हो, अहिले नै भन्नसकिन्न ।

'विश्वबाट मृत्युदण्डको सजाय उन्मूलन गर्ने प्रस्ताव राष्ट्रसंघमा ल्याउने विचार उपयुक्त समयमा आएको छ । विश्वका धेरै मुलुकबाट यो सजाय उन्मूलन भैसकेको र उनीहरूकै पहलमा यो प्रस्ताव ल्याइएकाले यसको परिणाम सकारात्मक हुने सम्भावना छ,' बानिस्टरले भने ।

आजको मितिसम्ममा विश्वका १३३ राष्ट्रले मृत्युदण्डको सजाय कानुनी तथा व्याबहारिक रूपमै खारेज गरिसकेका छन् । महासभामा ९६ मुलुकले खारेजीको पक्षमा मतदान गरेभने प्रस्ताव पारित हुन्छ ।

'प्रस्ताव पारित गर्नका लागि लामो बाटो हिड्नभने बाँकी नै छ, मुलुकहरूले विचार बदले अथवा प्रस्वावमा परिवर्तन ल्याउन चाहेभने अहिलेको सम्भावना टरेर जानेछ,' बानिस्टरले भने ।

२००६ मा विश्वका मुलुकमध्ये ९१ प्रतिशत राष्ट्रमा मृत्युदण्डको सजाय रहेकोमा आज केवल ६ राष्ट्रमा यो सजाय बाँकी छ । चीन, इरान, पाकिस्तान, इराक, सुडान र अमेरिका मृत्युदण्ड कायम रहेका मुलुक हुन् । यी मुलुकले प्रस्तावको विपक्षमा मतदान गर्नु स्वाभाविक छ । प्रस्ताव पारित भैहाले तापनि तत्कालै कार्यान्वयन हुने सम्भावना छैन ।

प्रस्तावको अवस्था जे भएपनि विश्वलाई नै मृत्युदण्डको सजाय अन्त्य गर्नका लागि यस अभ्यासले प्रोत्साहन गर्ने र आम मुलुकका साथ अघि बढ्न दबाब दिनेछ, बानिस्टरले आईपीएसलाई भने ।

दक्षिण कोरिया, ताइवान, माली, केन्याजस्ता मुलुकलाई दबाब दिएर मृत्युदण्डको सजाय खारेजीलाई पूर्णता दिलाउनु आवश्यक छ, उनले भने ।

'दासता र यातना हट्नुपर्छ भनेर सिद्धान्ततः विश्वले स्वीकार गरिसकेको छ,' उनले प्रष्ट पारे, 'स्वीकृतिपछि नै विश्वमा यसका स्वरूपहरू खारेज हुँदै आएका हुन्,' । तर मृत्युदण्डको खारेजीका सम्बन्धमा जे-जति प्रगति भएको छ, त्यसको गतिभने तीव्र देखिन्छ, उनले प्रसन्नता देखाए ।

एआईको कार्यक्रममा उपस्थित व्यक्तिलाई सम्बोधन गर्दै राष्ट्रसंघका लागि न्युजिल्याण्डका राजदूत रोजमेनी व्याङ्कसले जानकारी गराएअनुसार अपराध नगरी मृत्युदण्डको सजाय सुनाइएका तीन व्यक्तिको जो दृष्टान्त प्रस्तुत गरिएको छ, त्यो निकै सशक्त छ । यसलाई आधार मानेर थर्ड कमिटीले पास गरेर बलियो प्रस्तावका रूपमा महासभामा पेस गर्नेछ, त्यही मतदानबाट यसको अन्तिम फैसला हुनेछ ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**